// कैलाश राजपत्र

कैलाश गाउँपालिकाद्वारा प्रकाशित

खण्डः५) मकवानपुर, कार्तिक २३ गते, २०८० साल (संख्याः५

# भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**विपन्न नागरिक औषधोपचार तथा संघ संस्थाकालाई प्रदान गरिने आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८०**

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

कैलाश गाउँपालिकामा स्थायी बसोबास गर्ने वा स्थायी ठेगाना भएका विपन्न, सीमान्तकृत, असहाय, महिला, दलित तथा ज्येष्ठ नागरिकहरुलाई नेपाल सरकारले कडारोग भनी वर्गीकरण गरेका मध्ये कुनै पनि रोग लागेका, दुर्घटनामा परी अंगभंग भएका वा गम्भीर चोटपटक लागेका वा अन्य त्यस्तै प्रकारका विरामीलाई औषधी उपचार गराउन एवं खेलकुद क्षेत्रको विकास, मानव स्वास्थ्य, महिला सशक्तिकरण, अपाङता, शिक्षा क्षेत्रको विकास वा अन्य त्यस्तै किसिमका सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक क्षेत्रको विकासमा काम गर्ने संघ संस्थाहरुलाई गाउँपालिकाले आर्थिक सहायता उपलब्ध गराउन वाञ्छनीय भएकोले,

स्थानीय तहको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम “विपन्न नागरिक औषधोपचार तथा संघ संस्थालाई प्रदान गरिने आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०८०” रहेको छ ।

(२) यो निर्देशिका राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) “गाउँपालिका” भन्नाले कैलाश गाउँपालिका सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) “कडारोग” भन्नाले मुटु रोग, क्यान्सर रोग, पार्किन्सस रोग, अल्जार्यमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया रोगहरु सम्झनु पर्छ ।

(च) “विपन्न विरामी नागरिक” भन्नाले गाउँपालिका क्षेत्रभित्र स्थियी ठेगाना भएका दफा ४ को उपदफा (१) मा गठित समितिले सिफारिस गरेको विपन्न विरामी नागरिक सम्झनु पर्छ ।

(छ) “सिफारिस समिति” भन्नाले निर्देशिकाको दफा ४ को उपदफा (१) मा गठित समिति सम्झनु पर्छ ।

(ज) “स्वास्थ्य संयोजक” भन्नाले गाउँपालिकाको स्वास्थ्य संयोजकलाई सम्झनु पर्छ ।

(झ) “शाखा प्रमुख” भन्नाले गाउँपालिकाको आर्थिक प्रशासन शाखाको शाखा प्रमुखलाई सम्झनु पर्छ ।

१. **बजेट विनियोजन गर्नुपर्नेः** (१) गाउँसभाले प्रत्येक आर्थिक वर्षमा विपन्न नागरिक औषधोपचार आर्थिक सहायता शीर्षकमा आवश्यकता अनुसार बजेट विनियोजन गर्नु पर्दछ ।

तर वडा समितिले विपन्न नागरिक औषधोपचार आर्थिक सहायता शीर्षकमा बजेट विनियोजन गरी आर्थिक सहयोग गर्न पाउने छैन ।

(२) विनियोजित बजेटबाट विपन्न नागरिकहरुलाई औषधोपचारका लागि दफा ४ बमोजिम सिफारिस समितिले बढीमा १५ देखि ३० हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सिफारिस गर्न सक्नेछ ।

(३) विरामीको आर्थिक अवस्था अत्यन्त कमजोर भएको र रोगको प्रकृतिको गाम्भिर्यताका आधारमा उपदफा (२) मा तोकिएको भन्दा बढी आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएमा सिफारिस समितिको सिफारिस बमोजिम कार्यपालिकाको बैठकबाट निर्णय गरी निर्णय बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउन सक्नेछ ।

२. **आर्थिक सहायता पाउने विरामिको प्रकारः** (१) नेपाल सरकारले कडारोग भनी तोकिएका मुटु रोग, क्यान्सर रोग, पार्किन्सस रोग, अल्जार्यमर्स, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकल सेल एनिमिया रोगका विरामीका साथै मृगौला रोगको एक्युट रेनल फेलियर (Acute Renal Failure) भएका, दुर्घटनामा परी अंगभंग भएका वा गम्भीर चोटपटक लागेका वा अन्य त्यस्तै प्रकारका विरामीलाई गाउँपालिकाले तोकिएको आर्थिक सुविधा उपलब्ध गराउने छ ।

३. **निवेदन दिनुपर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ मा उल्लेखित कडारोगबाट विरामी भई उपचार गराउनु पर्ने विपन्न, सीमान्तकृत, असहाय, महिला, दलित तथा ज्येष्ठ नागरिकहरुले आर्थिक सहायता रकम प्राप्त गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालय समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) निवेदनका साथ विरामीले रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन, सम्बन्धित वडाको सिफारिस, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, २ प्रति फोटो (बालकको हकमा जन्मदर्ताको प्रतिलिपि) पेश गर्नु पर्नेछ ।

४. **सिफारिस समितिः** (१) दफा ३ बमोजिम प्राप्त हुन आएका निवेदन उपर छानविन गरी आर्थिक रुपले विपन्न नागरिकलाई औषधी उपचार आर्थिक सहायता उपलब्ध गराउने प्रयोजनका लागि सिफारिस गर्न गाउँपालिकामा देहायको सिफारिस समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ग) स्वास्थ्य संयोजक -सदस्य सचिव

**५ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

(क) विपन्न नागरिकले औषधी उपचार सहायतको लागि आवश्यक कागजात सहित दिएको निवेदन संकलन गर्नुपर्नेछ ।

(ख) सामान्यतया महिनामा २ पटक सिफारिस समितिको बैठक बस्नेछ तर कार्यबोझका आधारमा आवश्यकता अनुसार बैठक बस्नेछ ।

(ग) सिफारिस गर्दा पुरानो विवरण हेरी दोहोरो नपर्ने गरी मात्र सिफारिस गर्नुपर्नेछ ।

(घ) विवरण एकीन गरे पश्चात स्वीकृतिको लागि गाउँपालिकाको अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ ।

(ङ) गाउँपालिकाको अध्यक्षबाट फाइल स्वीकृत पश्चात आर्थिक प्रशासन शाखाबाट चेक वा सम्वन्धितको खाता वा भपाई गरी नगदै रकम उपलब्ध गराउन सक्नेछ ।

**६. एक पटक मात्र उपलब्ध गराउनेः** (१) विपन्न नागरिक औषधोपचार आर्थिक सहायता वापतको रकम गाउँपालिकाले एक व्यक्ति वा विरामीलाई एक पटक मात्र उपलब्ध गराउने छ । कुनै पनि विरामीलाई गाउँपालिकाले एक पटक औषधोपचार आर्थिक सहायता वापतको रकम उपलब्ध गराए पश्चात पटक पटक एकै व्यक्तिले सोही प्रयोजनका लागि दावी गर्न पाउनेछैन ।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि परिवार विहीन एवं पारिवारिक सहारा नभएका र नियमित औषधी सेवन गर्नुपर्ने विरामीको हकमा गाउँपालिकाको अध्यक्षले बढीमा २५ सय देखि ५ हजार सम्म पुष्ट्याई हुने कागजातको आधारमा मासिक रुपमा आर्थिक सहायता उपलब्ध गराउन तोक आदेश गर्न सक्नेछ ।

**७. अभिलेख राख्नु पर्नेः** गाउँपालिकाले उपलब्ध गराएको औषधोपचार वापतको आर्थिक सहायता प्राप्त गर्ने विरामीको अनुसूची-२ बमोजिम अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

**८. संघ संस्थालाई आर्थिक सहयोग गर्न सकिनेः** (१) खेलकुद क्षेत्रको विकास, मानव स्वास्थ्य, महिला सशक्तिकरण, अपाङ्गता, शिक्षा क्षेत्रको विकास वा अन्य त्यस्तै किसिमका सामाजिक, सांस्कृतिक, धार्मिक, बौद्धिक क्षेत्रको विकास, संरक्षण र सम्वर्द्धनका लागि कार्य गर्ने संघ संस्थालाई गाउँपालिकाले आर्थिक सहयोग गर्न सक्नेछ ।

(२) दफा (१) बमोजिमका संघ संस्थालाई गाउँपालिकाको अध्यक्षले वढीमा रु ३० हजारसम्मको तोकादेश गरी आर्थिक सहयोग गर्न सक्नेछ। तर गाउँपालिकाको अध्यक्ष अनुपस्थित भएको अवस्थामा उपाध्यक्षले समेत तोकादेश गर्न सक्नेछ ।

(३) आर्थिक सहयोग माग गर्ने संघ संस्थाले के प्रयोजनका लागि आर्थिक सहयोग माग गरेको हो सोको आर्थिक प्रस्ताव समेत पेश गर्नु पर्नेछ ।

(४) दफा (२) बमोजिम तोकिएको सहयोगको सीमा भित्र रही आर्थिक प्रस्ताव तथा वील भरपाई पेश गरे पश्चात नियमानुसार सम्वन्धित संघ संस्थाको बैंक खातामा भुक्तानी गरिने व्यवस्था मिलाईनेछ ।

(५) गाउँपालिकाले यस्ता संघ संस्थालाई वार्षिक रुपमा एक पटक भन्दा बढी आर्थिक सहयोग गर्नेछैन ।

(६) दफा (२) मा तोकिएको भन्दा वढी आर्थिक सहायता दिन मनासिव भए गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी सहायता रकम प्रदान गर्नुपर्नेछ ।

(७) गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र बनाई कार्य गरेका संघ संस्थाहरु अनिवार्य रुपमा गाउँपालिकामा दर्ता हुनुपर्नेछ ।

(८) उपदफा (१) बमोजिम गाउँपालिकाले आर्थिक सहयोग गरेकाा संघ संस्थाहरुको अभिलेख अनुसूची-३ बमोजमिको ढाँचामा राख्नुपर्नेछ ।

९. **थपघट, हेरफेर वा संशोधनः** कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

१०. **वाधा अडकाउ फुकाउने अधिकारः** (१) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार विद्यान समितिको सिफारिसमा गाउँ कार्यपालिकाको हुनेछ ।

(२) तर प्रचलित ऐन, नियम र यस निर्देशिकाको मूलभूत कुरालाई असर गर्ने गरी बमोजिमको बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

११. **यसै बमोजिम भए गरेको मानिनेः** यो निर्देशिका स्वीकृत हुनुपूर्व गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

अनुसूची- १

(निर्देशिकाको दफा ३ (१) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू

कैलाश गाउँ कार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर ।

**विषयः औषधी उपचार आर्थिक सहायता उपलब्ध गराइदिने बारे ।**

महोदय,

मकवानपुर जिल्ला, कैलाश गाउँपालिका, वडा नं ..........स्थायी निवासी म श्री ............................................ कडा रोग ....................................लागि विरामी भई उपचार गराइरहेकोले औषधी उपचारको लागि आर्थिक सहायता उपलब्ध गराइदिनु हुन देहायका कागजात संलग्न गरी निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातः**

१. नागरिकताको प्रतिलिपि (बालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि)

२. सम्बन्धित वडाको सिफारिस

३. रोग पहिचान भएको चिकित्सकको प्रिस्किप्सन

**निवेदकको**

दस्तखतः

नाम, थरः

ठेगानाः

सम्पर्क नं.

अनुसूची-२

(निर्देशिकाको दफा ७ सँग सम्बन्धित)

## औषधी उपचार आर्थिक सहायता लिनेहरुको अभिलेख (ढाँचा)

| सि.नं. | नाम, थर | ठेगाना | नागरिकता प्र.प.नं. | निर्णय मिति | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची-३

(निर्देशिकाको दफा ८ (८) सँग सम्बन्धित)

## आर्थिक सहायता लिने संघ संस्थाहरुको अभिलेख (ढाँचा)

| सि.नं. | संघ संस्थाको नाम | ठेगाना | संघ संस्था धनीको नाम, थर | निर्णय मिति | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमाणिकरण मितिः २०८० कार्तिक २४

आज्ञाले

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत